नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/छात्रवृत्ति)०८०/८१
च.नं. : ४४९

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

मिति: २०८०।११।१
ने.सं: ११४४

विषय: <u>सेवाकालिन प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना</u> ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको यसै सूचना साथ संलग्न च.नं.३५८/८०/८१ मिति २०८०।१०।२४ को पत्रबाट नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यले अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Professional Course on Management and Development (PCMD) सेवाकालिन प्रशिक्षण कार्यक्रम मिति २०८०।११।३० देखि सञ्चालन हुने र उक्त तालिम कार्यक्रममा सहभागिताको लागि १ (एक) जना कर्मचारी मनोनयन गरी पठाउन लेखि आएको हुँदा यस मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत योग्यता पुगेका इच्छुक राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीहरुले यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान/ छात्रवृत्ति) वा agriadmin@moald.gov.np मा मिति २०८०।११।८ गते भित्र आवेदन दिनुहुन यस मन्त्रालयको मिति २०८०।११।१ को निर्णयानुसार अनुरोध छ ।

नोटः आवेदन दिँदा PIS विवरण, तपसिलमा उल्लेखित ढाँचा बमोजिमको विवरण भरी पठाउनुहुन अनुरोध छ ।

<u>तपसिल</u>

| कर्मचारीको नाम थर/क.सं.नं. | श्रेणी/पद | सेवा/समूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत कार्यालय | सम्पर्क नं/ ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

०८०।११।०१
(मेघराज पन्त)
शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## Nepal Administrative Staff College

*"...... devoted to making differences positively."*


च.न. ३५८/०८०/८१ मितिः २०८०/१०/२४

श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्धेश्यका साथ यस प्रतिष्ठानले अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम संचालन गर्दछ । आ. व. २०८०/८१ को वार्षिक कार्यतालिका अनुरुप तपसील बमोजिमको प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन स्वीकृत गराई सो मनोनयन पत्र मिति २०८०/११/१६ गते सम्म ईमेल ठेगाना inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति | सम्पर्क व्यक्ति | Registration link |
|---|---|---|---|---|
| PCMD 7 | १ जना | २०८०/११/३० देखि ३१ कार्यदिने | श्री स्मृति प्रधान (९८४११७६०२२) | https://forms.gle/3j981UCWeQNNWcMf8 |

मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः

- अधिकृत तृतीय तह/श्रेणीको हकमा २०८० कार्तिक मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिने वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
- तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयन माथि कारवाही गरिने छैन ।
- मनोनित कर्मचारीहरुको नामवली संलग्न पत्र इमेल ठेगाना inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ ।
- मनोनित कर्मचारीहरुले मार्फत https://forms.gle/3j981UCWeQNNWcMf8 registration गर्नु पर्नेछ ।
- मनोनयन स्वीकृत भएपछि सम्बन्धित कर्मचारीलाई जानकारी गराईनेछ ।
- अन्य जानकारी प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा पनि हेर्न सकिनेछ ।

..............................
स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्सः ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box No.: 2152, Ph. No. 5522002,5522160,5523514,5523517, Fax: 5524906
Hello Nepal Adminiistrative Staff College, Audio Notice Board No.: 1618-01-5522002
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np